हुन् । कोशी नदीको नामबाट नेपालको एक अञ्चल रहेको छ । यसैको साथ हामी कोशी अञ्चलमा प्रवेशका लागि तयारी गरिरहेका थियौं । नदी पार गर्ना साथ भिमनगर गाउँ शुरु हुन्छ । यो गाउँ भारतमा अवस्थित छ । भीमनगरमा दिनभर विश्राम गऱ्यौं । त्यहाँ ४ जैनीहरुको घर रहेछन् । साँझको ४ बजे फेरि हामीले आफ्नो यात्रा शुभारम्भ गरी वीरपुर नगरमा रात्रि विश्रामका लागि पुग्यौं । त्यो गाउँमा पनि केही जैनीहरुको घर रहेछन् । जो अति सम्पन्न थिए । रातमा सानो सत्संगको वातावरण बन्यो । राति विश्राम गरेपछि फेरी हामीले यात्रा शुभारम्भ गऱ्यौं । कच्चा सडक र गोरेटोको बाटो, स-साना गाउँहरुलाई पार गर्दै अघि बढिरहेका थियौं । थाहै हुँदैनथ्यो नेपाल र भारतका सीमाहरु कहाँ कहाँ छन् ? अचानक एक पुलिसले आवाज दियो जो नेपाली पुलिसको भेषमा थिए । उनले हामीसँग परिचय सोधे तव थाहा लाग्यो हामी जुन नेपालमा प्रवेश गरेका रहेछौं । त्यस्तै नेपाल र भारतका सीमामा पनि देखिए । बाह्र किलोमिटर हिडे पछि भुट्टा नामको गाउँ आयो । यो नेपालमा पर्दो रहेछ । परन्तु यहाँका मानिसहरु भारतीय जस्तै लाग्थे । विशेष गरेर मुश्लिम बाहुल्य क्षेत्र रहेछ । पहाडी नेपालीहरुको संख्या विल्कुलै नगण्य रुपमा रहेछन् । यो गाउँमा ४ जैनहरुको घर रहेछ । सेवा भावका मानिसहरु रहेछ । यहाँको जैनीहरुलाई देखेर यस्तो लाग्थ्यो कि मारवाडी जैन समाज, कस्तो कस्तो गाउँमा गएर जीवन यापन गरिरहेछन् । जहाँ पुग्दैनन् गाडी त्यहाँ पुग्दछन् मारवाडी कहावत चरितार्थ हुन्थ्यो । भुट्टा गाउँमा आज फारविसगञ्जका श्रीसं बिन्ति गर्न आउनुभयो । धेरै दिन पछि यति धेरै टाढाकासँग बिन्तीका लागि आए । प्रचण्ड गर्मीबाट राहत मिल्दै थियो राति आँधी तुफानका साथ घनघोर वर्षा पनि भयो । गर्मीले तड्पिएको जमीनले राहतको सास फेऱ्यो । र रात्रिमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

२० मई बिहान हामीले उक्त गाउँबाट हरनगरका लागि यात्रा शुभारम्भ गऱ्यौं । जो तीन किलोमिटर टाढा थियो । यहाँ पनि आठ दश घर जैनीहरुको

रहेछन् । दिन र रात्रिमा पनि प्रवचनको सुन्दर माहौल बन्यो । प्रवचनमा सबै क्षेत्रका मानिसहरु उपस्थित थिए । विशेष गरेर नेपाली मुलका मानिसहरुको उपस्थिति ठूलो थियो । एक दिनको प्रवासबाट पनि गाउँमा राम्रो प्रभाव पऱ्यो । त्यस दिन बिराटनगरका स्थानक वासी जैन सिं बिन्ति गर्न त्यहाँ उपस्थित थिए । बिराटनगरमा स्थानक बासीहरुको केही प्रभाव देखिन्थ्यो ।

२१ मई मा सूर्योदयको साथ हरनगरका निवासीहरु बिदाई गर्नका लागि हामीसँग पैदल यात्रा गरे । धैरै टाढासम्म पुऱ्याएर उनीहरु फर्के र हामी बिराटनगरका लागि हामी अगाडि बढ्यौ । बाटोमा एउटा गाउँ आयो जहाँ नवकारसी लिए पछि हामी अगाडि यात्रा शुभारम्भ गऱ्यौं । विराटनगर शुरु हुनु ५/७ किलोमिटर बाँकी थियो । बूढाहरु बच्चाहरु गाडीमा भरिएर स्वागतको लागि उपस्थित थिए । सबै मानिसहरु ठूलो उत्साह र जयजयकार सहित हाम्रो यात्रामा सहभागी भए । लगभग १९ किलोमिटरको विहार भएको थियो । नेपालको दोश्रो ठूलो महानगर विराटनगरमा हाम्रो प्रवेश विहान ९ बजे भयो । इन्द्रचन्द्र सेठियाको घरमा हाम्रो प्रवासको व्यवस्था थियो । लगभग २५ स्थानक जैनीहरुको यहाँ घर छन् । यहाँमा हामीलाई सम्प्रदायवादको भावना महसुस भयो ।

अब यहाँ हामी जति दिन रोकिन्छौं नेपालको लागि त्यो आखिरी दिन थियो । यो शहरमा लगभग तीनसय जैनीहरुको घर रहेछन् । नेपाल भित्र जैन श्रावकहरुलाई फैलाउने कार्य यसै शहरले गरेको रहेछ । यहाँबाट काठमाडौं हुँदै जैन धर्मावलम्बीहरु बढेका रहेछन् । सबै नेपालका जैनीहरुको सम्पर्क विराटनगर विशेष रुपमा जोडिएको छ । यहाँ प्रवचन आदि सुन्दर कार्यक्रमहरु भए । रातको धर्मचर्चामा पनि निकै मानिसहरु सहभागी देखिए । २३ मई का दिन प्रजापिता ब्रह्माकुमारीका गीता बहिनीले विशेष आग्रहका कारण सेवा केन्द्रमा प्रवचन कार्य राखियो । शान्तिका बारेमा प्रवचन केन्द्रित थियो । पूरै दिन कार्यक्रममा व्यस्त भइयो । पछि फारविसगञ्ज आदि संघहरुका श्रावकहरु

बीच पनि प्रवचन भए। मूर्ति पूजक संघका यतिज्यू पनि प्रवचन सभामा उपस्थित हुनुहुन्थ्यो। विशेष रुपमा दिउँसो तेरापन्थ भवनमा मनोहर देवी नौलखाको श्रद्धाञ्जली सभामा हाम्रो उपस्थिति विराटनगरका लागि एउटा शुभसंकेत लाग्यो। किनभने तेरापन्थ समाजको साथ जोड्ने राम्रो मौका हुनपुग्यो। अर्को दिन प्रवचनमा तेरापन्थ समाजका धेरै मानिसहरुको आगमन भैरहयो। स्थानीय टिभी र समाचारहरुका कारण प्रतिदिन मानिसको संख्या बढ्दै गइरहेको थियो। हामी यहाँ ४ दिनका लागि आएका थियौं। तर मानिसहरुको आग्रहका कारण एक दिन थप्न पुग्यौं। दुई ठाउँमा अलगअलग प्रवचन सम्पन्न भए। यस्तो भक्ति थोरै ठाउँमा मात्र देख्न पाइन्छ। यदि नेपाल प्रवेश यहाँबाट भएको भए एउटा राम्रो माहौल बन्न सक्दथ्यो। नेपालको लागि यो प्रवासको अन्तिम दिन छिटै बित्न लागिरहेको थियो। २५ मको बिहानीमा हामीले विराटनगर शहरबाट बिदा लियौं। विराटनगर जुटमिलबाट नेपालको लागि विदाई कार्यक्रम सम्पन्न भयो।

विराटनगरका सबै बच्चा, बूढा, युवा सबै ६ किलोमिटरसम्म हाम्रो साथ पैदल हिडेका थिए। निर्मल व्यास जीका विराटनगर जुट मिलमा विहान हाम्रो स्वागत भयो। दिउँसो बिदाई समारोह दिउँसो २ बजेदेखि ४ बजेसम्म नेपालबाट हुने विदाई कार्यक्रममा ठूलो संख्यामा भाग लिए। काठमाडौं राजविराज विराटनगर र फारबीसगञ्जका मानिसहरुले बिदाई समारोहमा उपस्थिति देखाए। स्थानीय नेपालीहरु पनि सहभागी थिए। हामीले सोचेका पनि थिएनौं। नेपालको बिदाई समारोह यति ठूलो भव्य हुन्छ भनेर। राम्रा बक्ताहरुले बिदाई समारोहमा आफ्ना मन्तव्य प्रस्तुत गरे। केही व्यक्तिहरु जुट मिलबाट बिदाई गर्दै थिए, उनीहरुको आँखामा आँसु बगिरहेको थियो।

बिराटनगरको यो जुट मिलको ठूलो गौरवशाली इतिहास रहेको छ। लगभग ४० विघा जमिनमा फैलिएको नेपालको पहिलो जुट मिल थियो। नेपालमा प्रजातन्त्रको लडाईको विकुल यही मिलमा फुकिएको थियो। यो

सरकारी मिल हो । जसलाई बर्तमानमा निर्मल व्यास जीले चलाईराख्नु भएको छ । जुट मिल परिक्रमा गर्न हामीलाई पूरा एक दिन लागेको थियो । जुट मिल एक कारखाना जस्तो नलागेर गाउँ जस्तो लाग्दथ्यो । यहाँ काम गर्ने प्रमुख नेपाली एवं भारतीय उच्चस्तरीय कर्मचारीहरु रातमा सत्संगका लागि आउनु हुन्थ्यो । सत्संगमा ठूलो हर्षको अनुभूति गर्दथे । किनभने धेरै जसो मानिसहरु जैन धर्मसँग अपरिचित थिए ।

जैन सन्तहरुको सम्पर्कमा उहाँहरुलाई आउने मौका मिलेको थिएन । आज नगिजबाट उहाँहरुले जैन सन्त र जैन धर्मको जानकारी प्राप्त गर्नुभयो । हामीले नेपाल प्रवेश गरेको तीन महिना गुजारेको थियौं । तीन महिनाको समय शीघ्रता र व्यग्रतामा गुज्रि रहेका थिए । नेपाल प्रवासको यो आखिरी रात थियो । अब कहिले फेरी यों भूमिमा विचरण गर्छौं कुनै थाहा थिएन । निकट भविष्यमा यस्तो आशा देखिएको थिएन ।

२६ मई विहानी नेपालबाट बिदाई लिने समयमा आकाशका बादलहरुले बर्षाको आँसु खसाले । बिहान बिहान वर्षाका कारण बिहार गर्न विलम्ब भै रहेको थियो । कारखानाबाट निक्लनु पूर्व यसमा विद्यमान यस्तो वस्तुमाथि हाम्रो ध्यान गयो । पचास फूट अग्लो जेनेरेटर विशाल भवनमा राखिएको रहेछ । यति ठूलो मेशिन हामीले आफ्नो जीन्दगीमा पहिलो पटक देख्यौं । भनिन्थ्यो संसारमा सबैभन्दा ठूलो जेनेरेटर हो । निर्मल व्यासका परिवारले बिहान ६ बजे हामीलाई बिदाई गर्नुभयो । जोगबनी सिमाबाट हामीले भारत प्रवेश गर्‍यौं । बाटोमा बर्षाले यात्रालाई पुनः अस्तव्यस्त गर्न थाल्यो । फारवीसगञ्ज र बिराटनगरका मानिसहरुलाई निकै दुःख कष्ट भयो । हामी वर्षाको कारण रोकिइ रोकिइ यात्रा गरिरहेका थियौं । बाटोमा दाँया बाँयाका झुपडीहरुमा बर्षाको समय शरण लिइरहेका थियौं । लगभग दश बजे हामी फारवीसगञ्ज नगरमा पुग्यौं । फारवीसगञ्जका जैन संघमा ठूलो उत्साह देखिन्थ्यो । ठूलो जुलुसका साथ हामी जैन स्थानकमा पुग्यौं । पटना पछि यो

पहिलो स्थानक हो, जुन स्थानक बासीका थिए। यति धेरै समयसम्म घर पसल र तेरापन्थ भवनमा हामी रोकिएका थियौं। धर्मप्रचार गर्दै रहयौं। फारवीसगञ्जमा स्थानक बासीहरुको मात्र तीस घर छ। फेरी पनि यहाँका श्री संघले यति ठूलो विशाल भवन बनायो। धार्मिक श्रद्धा र कर्मठताको यो परिचय हो। आज पूरा दिन व्यस्त रहयौं। बिराटनगरबाट दर्शनार्थी भाइबहिनीहरु आए। धेरै समय हामीले फारवीसगञ्जका लागि दिन सकेनौं। समय अभावका कारण श्रद्धा भक्ति अनुसार उहाँहरुलाई सत्संगको लाभ मिल्न सकेन। तैपनि चार दिनमा यहाँको मानिसहरुमा ठूलो उत्साहको बातावरण बन्यो र आउँदो चतुर्मासका लागि पूरा जोडतोडले बिन्ती पनि गरे। मानिसहरुमा उत्साह त भरिएको छ तर चारै दिनको बर्षाले बर्षिए। लाग्दथ्यो एक महिना अगाडि मनसुन शुरु भैसकेको छ। गर्मीबाट राहत मिल्यो। यहाँको विद्या मन्दिरका रामकुमार केसरी र अन्य व्यवस्थापक सँग परिचय भयो। र अगाडिको यात्राका लागि चर्चा भयो। ३१ मईमा हाम्रो यात्रा फेरी अगाडि बढ्यो, यात्राका लागि बिहानीको समय अत्यन्त उपयुक्त हुन्छ। प्रातःकालीन ठण्डा हावा मनको उमङ्ग र अर्को उपयुक्त स्थान छिटो भन्दा छिटो पुग्नका लागि मनमा इच्छा र खुट्टाहरुमा चञ्चलता भरिन्छ। पछिल्लो स्थानका स्मृतिहरुका साथ नयाँ स्मृतिहरु जोड्दै हामी अघि बढिरहेका थियौं। धरती, बनस्पतिले भरिएको नजर गरियो। लगभग १५ किलोमिटरको यात्रा पुरा गरिसकेपछि हामी ८ बजे अररिया कोर्ट जैन भवन पुग्यौं। यहाँ तेरा पन्थीहरुको ५० घर रहेछन्। स्थानकबासी जैनीहरुको संख्या तीन रहेछ। हाम्रो रात्री विश्राम जैन भवनमा भयो। जहाँ व्यवस्थापकले राम्रो सेवा गरेका थिए। त्यसै दिन अपरान्हमा प्रवचन कार्यक्रम राखिएको थियो। जहाँ ठूलो संख्यामा श्रोताहरु उपस्थित थिए। सन्ध्या साँझको समय बर्षा हुने संकेत मिल्यो।

जुन महिनाको पहिलो तारिखमा हामी जलालगढ थियौं। करीब २० किलोमिटरको दुरी तय गरे पछि ठूलो कठिनाई भयो। किनभने बर्षा पछि